सूचना

धुम्रपान र मद्यपानबाट टाढा रहौं ।
सुखी र स्वस्थ जीवन बिताऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

राष्ट्रिय दैनिक

प्रतिदिन

PRATIDIN NATIONAL DAILY

वर्ष-१३ ।। अङ्क : १०० ।। २०७८ जेठ ३१ गते सोमबार (14th June 2021 Monday) **Pratidin** National Daily dNo-?÷%÷-

झापामा असार ७ सम्म निषेधाज्ञा तर खुकुलो

झापा (प्रस) । असार ७ गतेसम्म लम्ब्याइएको निषेधाज्ञा झापामा खुकुलो बनाइएको छ । जिल्ला प्रशासन कार्यालय झापामा आइतबार बसेको जिल्ला स्तरीय कोभिड १९ सङ्कट व्यवस्थापन केन्द्र (डिसीसीएमसी) को बैठकले एक साता अर्थात् असार ७ गते मध्यराति १२ बजेसम्मको लागि निषेधाज्ञा लम्ब्याउने गरी केही खुकुलो बनाएको हो । बैठकले खाद्यान्न, माछा मासु, तरकारी, फलफूल, हार्डवेयर, पुस्तक पसलहरू अब प्रत्येक दिन बिहान ६ बजेदेखि बिहान १० बजेसम्म खुलाउने निर्णय गरेको छ । ती पसलहरूले सरकारले तोकेको स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाउनु पर्ने हुन्छ । त्यस्तै मलखाद, बीउविजन, कुखुराका चल्ला, दाना, पशुपक्षी आहारसम्बन्धी पसल बिहान १० देखि बेलुका ५ बजेसम्म सञ्चालन गर्न पाइने, मोटर वर्कसप बिहान ११ देखि २ बजेसम्म सञ्चालन गर्न पाइने, विकास निर्माण सामग्रीहरू ढुवानी गर्न सवारी साधनहरूले बेलुका ७ देखि बिहान ६ बजेसम्म सञ्चालन गर्न पाउने र अत्यावश्यक सेवाहरू बाहेकका सबै प्रकारका सार्वजनिक एवं निजी सवारी साधन असार ७ गतेसम्म सञ्चालन गर्न नपाउनेलगायत निर्णय भएको प्रशासन कार्यालय झापाले जनाएको छ ।

सर्वसाधारणका लागि:-

-औषधिखरिद, उपचार तथा अतिआवश्यक कामका लागि बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने ।

-खाद्यान्न, फलफुल, तरकारी, माछामासु, दुध डेरी, पुस्तक, हार्डवेयर पसल विहान ६ बजे देखि १० बजेसम्म खोल्न पाईने भएकोले खाद्य पदार्थलगायत अन्य सामग्री खरिद गर्न निस्कदा अनिवार्य मास्कको प्रयोग गर्ने, सामाजिक दुरी कायम गर्ने र कुनै पनि भिडभाड नगरी स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गर्ने ।

- हाट बजार, मेला, जात्रा, महोत्सव, पार्टी, भोज लगायत भिडभाड हुने कार्य नगर्ने नगराउने ।

- कोरोनाको लक्षण देखिएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा स्थानीय तहको आइसोलेसन सेन्टरमा सम्पर्क राख्ने ।

कार्यालय संचालन सम्बन्धमा:-

क. अत्यावश्यक सेवा सञ्चालन गर्ने बाहेकका सरकारी कार्यालय, सार्वजनिक संस्थान, वीमालगायतका कार्यालयहरुले सेवा स्थगन गर्ने र त्यस्ता कार्यालयमा न्यूनतम कर्मचारी मात्र उपस्थित भई कार्यालयको आन्तरिक प्रशासन सञ्चालन गर्ने ।

ख. सरकारी, सार्वजनिक कार्यालयका कर्मचारीहरुले कर्मचारी परिचय-पत्रका आधारमा बिहान ९ बजेदेखि १० बजेसम्म तथा बेलुकी ५ बजेदेखि ६ सम्ममात्र सरकारी तथा निजी सवारी साधनमा आवतजावत गर्न पाउने ।

ग. अत्यावश्यक सेवा सञ्चालन गर्ने कार्यालयका कर्मचारीहरुको हकमा कर्मचारी परिचय-पत्रका आधारमा सरकारी तथा निजी सवारी साधनमा आवश्यकता अनुसार आवतजावत गर्न पाउने ।

बैंक/वित्तीय संस्था सम्बन्धमा:-

क. बैक तथा वित्तीय संस्थाहरुले बैंकिङ्ग कारोबार न्युनतम कर्मचारीको उपस्थितिमा स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरी/गराई सञ्चालन गर्ने । साथै एटीएम आउटलेटहरु

❖ बाँकी अन्तिम पृष्ठमा

मेचीका नयाँ मेसुलाई काँग्रेसको ध्यानाकर्षण

भद्रपुर (प्रस) । भद्रपुरस्थित मेची अस्पतालको सेवा प्रवाहमा स्तरीयता कायम गर्न ध्यानाकर्षण गराउँदै नेपाली काँग्रेसले नवनियुक्त मेडिकल सुपरिटेन्डेन्ट डा. टंकप्रसाद बाह्रकोटीलाई ८ बुँदे स्मरणपत्र बुझाएको छ ।

नेपाली काँग्रेस झापा क्षेत्र नम्बर ३ का सभापति गणेश पोखरेल तथा भद्रपुर नगर सभापति मोहन महर्जनले संयुक्त हस्ताक्षर गरेको पत्रमा विपन्नको प्रमुख उपचारस्थल रहेको अस्पताललाई सेवाग्राहीमैत्री बनाउन स्तरीयता कायम गरिनु पर्नेमा जोड दिइएको छ । स्मरण पत्रमा अक्सिजन प्लान्ट निर्माणमा चासो दिनु पर्ने, विरामीको उपचारमा संवेदनशील रहनु पर्ने, पिसिआर परीक्षण व्यवस्थित बनाइनु पर्ने, अस्पताल परिसरमा नियमित सरसफाई हुनु पर्ने, अस्पतालमा मुटु रोग उपचार सेवा निरन्तर अगाडि बढाइनु पर्ने, कोभिडका विरामीलाई दिँइदै आएको खानामा पौष्टिकता थप हुनु पर्ने, अस्पतालमा चलिरहेको डाइलोसिस सेवा अपारदर्शी रूपमा ठेक्कामा लगाइदाँ सेवाग्राही मारमा परेकाले सच्याइनु पर्ने र अस्पताललाई मेडिकल कलेजमा स्तरीकरण गर्न थालिएको प्रयास निरन्तर अगाडि बढाउन ध्यानाकर्षण गराइएको हो ।

स्मरण पत्रमा भनिएको छ –'देशको पूर्वी क्षेत्रका विपन्न लगायत यस

❖ बाँकी अन्तिम पृष्ठमा

बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड , झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

झापा कांग्रेसले सक्षम नेतृत्व गुमायो–देउवा

झापा (प्रस) । नेपाली कांग्रेस निर्माण व्यवसायी समन्वय विभागका केन्द्रीय सदस्य तथा होनहार युवा नेता दिपेन्द्र पोखरेलको निधनप्रति पार्टीले दुख व्यक्त गरेको छ । नेपाली कांग्रेस केन्द्रीय कार्यालयले एक शोक वक्तव्य जारी गरी पार्टीको संगठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनहरुमा सक्रिय र अविस्मरणीय भूमिका निर्वाह गरेका पोखरेलको निधनले भविष्यको एक आशालाग्दो र सक्षम नेतृत्व गुमाउनु परेको जनाएको छ ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले उनको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै भनेका छन्– 'नेपाली कांग्रेस झापाका उदीयमान युवा नेता दिपेन्द्र पोखरेललाई गुमाउनु पर्दा मलाई अत्यन्त दुःख लागेको छ । पोखरेलको विदाइले झापा कांग्रेसले भविष्यको एक आशालाग्दो र सक्षम नेतृत्व गुमाएको छ । भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै म उहाँको आत्माको चिर शान्तिको कामना गर्दछु । पाको उमेरका उहाँका श्रद्धेय मातापिता, जीवन साथी र साना छोराछोरी सहित शोक सन्तप्त परिवारजनप्रति पार्टी र आफ्नो तर्फबाट गहिरो समवेदना प्रकट गर्दछु ।'

झापामा गम्भीर विरामी भई एक महिनाभन्दा लामो समयदेखि काठमाडौंको नर्भिक अस्पतालमा उपचाररत पोखरेलको जेठ २७ गते मध्यरातमा ५३ वर्षको अल्पायुमा निधन भएको हो । नेपाल विद्यार्थी संघ र नेपाल तरुण दलको राजनीतिबाट अगाडि आएका पोखरेल सक्रिय रुपमा राजनीति र समाजसेवामा लागेका थिए ।

ASM
AADARSHA SCHOOL OF MANAGEMENT

ADMISSION OPEN
DIPLOMA
IN HOTEL
MANAGEMENT

Preparing Future
Ready Professionals
for Hospitality
Industry.

APPLY NOW

AADARSHA SCHOOL OF HOTEL MANAGEMENT
aadarsha.sm@gmail.com
023-546755
9806055500 I 9852626026
Namaste Toll , Birtamode -3, Jhapa Nepal

धारिलो हतियारबाट बृद्धको हत्या

झापा (प्रस) । पाँचथरको फिदिम नगरपालिका-४ जोरसाल बजार छेउ कुमालेटारमा एक वृद्धको धारिलो हतियार प्रहार गरी हत्या भएको छ । स्थानीय ७९ वर्षीय टेकबहादुर इङ्वा लिम्बूको धारिलो हतियार प्रहार गरी शनिबार राति हत्या भएको हो । इङ्वाको शरीर र टाउकोमा गहिरो चोट देखिएको प्रहरीले जनाएको छ । घरमा इङ्वा वृद्ध दम्पती मात्रै बस्दै आएका थिए । उनकी श्रीमती शारीरिक रुपमा अशक्त रहेकी छन् । सासु-ससुरा भेट्न मृतककी बुहारी आइतबार विहान त्यहाँ आएपछि घटना सार्वजनिक भएको हो ।

प्रहरीले हत्या भएको घरलाई सिल गरी अनुसन्धान गरिरहेको छ । मृतक वृद्ध सेवा निवृत्त भारतीय सैनिक हुन् । गत विहीवारमात्रै उनले निवृत्तिभरणको रकम बैङ्कबाट बुझेको हुनाले लुटपाट गर्नेले उनको हत्या गरेको हुनसक्ने स्थानीयले अनुमान गरेका छन् ।

वीरता लेडी जेसीजद्वारा फलफूल वितरण

झापा (प्रस) । वीरता लेडी जेसीजले आइसोलेसनमा रहेका कोरोना संक्रमितहरुलाई फलफूल वितरण गरेको छ । बिर्तामोड नगरपालिकाद्वारा संचालित बिर्तामोड नगर आइसोलेसन सेन्टरमा रहेका १८ जना संक्रमितहरुलाई फलफूल वितरण गरिएको अध्यक्ष स्वस्तिका आचार्यले जानकारी दिइन् । शुभ दिन ,शुभ कार्य अभियानअन्तर्गत बर्ष २०१७ की मानार्थ सदस्य जेसी सुनिता उप्रेतीको शनिबार परेको जन्मदिनको अवसर पारेर उनको समन्वयमा फलफूल वितरण गरिएको अध्यक्ष आचार्यले बताइन् । उप्रेती,मेची टेक्निकल ट्रेनिङ ईन्स्टिच्यूटकी संचालक समेत हुन् ।

मेचीनगरमा...

हुने गरी निर्माण गर्दै गरेको संरचना र त्यसले भविष्यमा पार्न सक्ने असरलाई लक्षित गरी खबरदार ीसहितको सामुहिक आवाज उठाएको सम्बन्धित पक्षको भनाई छ ।

बसपार्क अतिक्रमण हुनबाट बचाउन सबै सरोकारवाला पक्षसँग आव्हान गर्दै जारी गरिएको विज्ञप्तिमा पूर्व मेची वस व्यवसायी प्रा.लिका अध्यक्ष विष्णुकुमार श्रेष्ठ, पूर्व नेपाल यातायात व्यवसायी प्रा.लि.का अध्यक्ष केशव गिरी, सुनौलो संयुक्त यातायात व्यवसायीका अध्यक्ष भुपाल ओली, नागरिक यातायात प्रा.लिका अध्यक्ष लक्ष्मीप्रसाद उप्रेती, सगरमाथा यातायात प्रा.लिका अध्यक्ष मेदनी खरेल, ट्राभल्स संघ झापाका अध्यक्ष नीरबहादुर कार्की, मेचीनगर होटल व्यवसायी संघका अध्यक्ष सुरेशकुमार श्रेष्ठ(गोपाल) नेपाल यातायात स्वतन्त्र मजदुर संगठनका अध्यक्ष खडानन्द भण्डारी, मेचीनगर अटो एण्ड इ रिक्सा यातायात प्रालिका अध्यक्ष दावा तामाङ र मेची अञ्चल टेम्पु इरिक्सा यातायात प्रा.लिका अध्यक्ष गणेश चौहानले हस्ताक्षर गरेका छन् ।

मेचीनगर नगरपालिकाका प्रमुख विमल आचार्यले विगतमा मुख्य राजमार्ग र बसपार्क क्षेत्रबाट विस्थापित भएका फुटपाथ व्यवसायीहरुलाई व्यवस्थित गर्नका लागि संरचना निर्माण गरिएको बताए । 'एक सयबढी व्यवसायीहरुले फुटपाथमा व्यवसाय चलाएर बसेका थिए ' नगरप्रमुख आचार्यले भने ,' विस्थापित भएका व्यवसायीहरुमध्ये बाँकी रहेका करिव ४० जना व्यवसायीहरुका लागि योजना बमोजिम संरचना निर्माण गरिएको हो ।' धेरै विस्थापित व्यवसायीहरुलाई यसअघि नै बसपार्क नजिकैको नगरपालिकाको सटरमा व्यवस्थापन गरिएको छ । बसपार्क क्षेत्र नगरपालिकाको सम्पति रहेको भन्दैं नगरप्रमुख आचार्यले बसपार्क प्यारिभिट्टामा रहेको र यो बस टर्मिनल मात्र भएको बताए । यहाँ बस पार्किङ गरेर राख्न नपाई उनको भनाई छ ।

झापामा...

२४ सै घण्टा संचालन हुने व्यवस्था मिलाउने ।
ख. सहकारी संस्थाहरुले घर, पसल तथा समूहमा गई वचत रकम संकलन गर्ने कार्य हाललाई स्थगित गर्ने ।

पसल तथा व्यवसाय सञ्चालन सम्बन्धमाः-
क. औषधी र स्वास्थ्य सामग्री, ईन्धन (पेट्रोल/डिजल स्टेसन, एलपी ग्यास) बाहेक अन्य व्यवसाय पूर्णरुपमा बन्द गर्ने।
ख. खाद्यान्न, फलफुल, तरकारी, माछामासु, दुध डेरी, पुस्तक, हार्डवेयर पसल बिहान ६ बजेदेखि बिहान १० बजेसम्म सञ्चालन गर्न पाईने । माथि उल्लेखित पसलहरु सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गर्ने/गराउने, सो को प्रभावकारी अनुगमन सम्वन्धित स्थानीय तह, स्थानीय उद्योग वाणिज्य संघ तथा स्थानीय प्रहरी ईकाईहरुले गर्ने ।
ग. मलखाद, बीउविजन, कुखुराका चल्ला, दाना, पशुपन्क्षीका आहार सम्बन्धी पसल स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरी विहान १० बजेदेखि बेलुका ५ बजेसम्म सञ्चालन गर्न पाईने ।
घ. मोटर वर्कशपहरुले स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरी न्यूनतम कामदारहरुको उपस्थितिमा बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म सञ्चालन गर्न पाउने ।
ङ. औषधी पसल तथा अत्यावश्यक सेवा सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्ड पूर्ण रुपमा पालना गर्ने ।

च. सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, सपिङ मल, मनोरञ्जन स्थल, पार्क, सैलुन, ब्यूटी पार्लर, जीमखाना, समूहमा खेलिने खेलकुद, पुस्तकालय, संग्रहालय, चिडियाखाना, आदि बन्द गर्ने ।

सवारी साधन सञ्चालन सम्बन्धमाः-
क. अत्यावश्यक सेवाहरु वाहेकका सबै प्रकारका सार्वजनिक एवं निजी सवारी साधन मिति २०७८ जेठ ३१ गते राति १२ बजेदेखि २०७८ असार ७ गते राति १२ बजेसम्म झापा जिल्लाभर सञ्चालनमा पूर्णरुपले रोक लगाउने।
ख. अत्यावश्यक सेवा संचालन गर्ने नेपाल सरकारका कर्मचारी, बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारीले प्रयोग गर्ने सरकारी तथा निजी सवारी साधनको हकमा कार्यालयले जारी गरेको कर्मचारी परिचय पत्रको आधारमा बिहान ९ बजेदेखि १० बजेसम्म तथा बेलुकी ५ बजेदेखि ६ सम्म सञ्चालन गर्न पाईने ।
ग. अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, ईन्धन तथा लुब्रिकेन्ट, स्वास्थ्य, खाद्यान्न, तरकारी, फलफूल, दुध, तथा दुधजन्य पदार्थ, मलखाद, बीउ विजन, कुखुराका चल्ला, दाना, पशुपन्क्षीका आहार बोकेको सवारी साधन, बैङ्क, वित्तीय संस्था, रेडक्रस, दुरसञ्चार, विद्युत, इन्टरनेट, क्वारेन्टिन, आइसोलेसन, फोहोरमैला व्यवस्थापन, कुरियर तथा डाँकसेवा, ढुवानी लगायतका सवारी साधनहरु विषय उल्लेख गरी सञ्चालन गर्न पाईने ।
घ. यस जिल्लाबाट अन्य जिल्लाको लागि खाद्यान्न लगायतका अन्य सामग्री ढुवानी गर्ने सवारी साधनहरु सञ्चालन गर्न पाईने ।

उद्योग, कल-कारखाना र विकास निर्माण कार्य सञ्चालन सम्बन्धमाः-
क. उद्योग तथा कलकारखाना सञ्चालन गर्दा सकेसम्म थोरै जनशक्तिबाट सञ्चालन गर्ने र त्यस्ता जनशक्तिलाई खान र बस्ने सुविधा उद्योग परिसर भित्रै मिलाउने, छुट्टै क्वारेन्टाइनको व्यवस्था सम्बन्धित उद्योगले मिलाउने ।

ख. राष्ट्रिय गौरब तथा महत्वका आयोजना/परियोजना र अतिआवश्यक विकास निर्माण कार्यका लागि कामदारहरुलाई खाने बस्ने ब्यबस्था सम्वन्धित आयोजनाले निर्माणस्थलमा नै मिलाई स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरी सञ्चालन गर्ने व्यवस्था मिलाउने ।
ग. विकास निर्माणसंग सम्वन्धित सामग्रीहरु ढुवानी गर्ने सवारी साधनहरु बेलुकी ७ बजेदेखि बिहान ६ बजेसम्म सञ्चालन गर्न पाईने ।
घ. नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट सञ्चालन भएका विकास निर्माण कार्यका लागि निर्माण सामाग्री बोक्ने/बोकेका सवारी साधनलाई सम्वन्धित आयोजना/निकायको पत्रको आधारमा आवतजावत गर्न पाईने ।
ङ. हार्डवेयर पसल विहान ६ बजेदेखि बिहान १० बजेसम्म खोल्न पाईने । अन्य समयमा निर्माण सामग्री आवश्यक पर्ने भएमा सम्वन्धित स्थानीय तह वा स्थानीय उद्योग वाणिज्य संघसंग समन्वय गरी गोदामबाट मात्र उपलब्ध गराउने ।

विवाह तथा मृत्यु संस्कार सम्बन्धमाः-
क. विवाहको लागि बढीमा १० जनासम्म जन्ति जान आउन दुलाहा दुलही सहित २ वटा सवारी साधनमा ५/५ जनासम्म व्यानर राखेर प्रयोग गरी जिल्ला भित्र वा अन्य जिल्लामा आवतजावत गर्नु पर्दा अनुमति आवश्यक नपर्ने।
ख. मृत्यु संस्कार, बिरामी कुरुवाको रुपमा अनिवार्य सहभागी हुनु पर्ने व्यक्तिले अन्य जिल्लामा जानु पर्दा सम्बन्धित व्यक्तिले उक्त व्यहोरा खुल्ने कागजात (निवेदन, अस्पतालको कागजात वा सम्बन्धित स्थानीय तहको सिफारिस) सहित जिल्ला प्रशासन कार्यालयमा अनुमतिका लागि निवेदन पेश गर्नु पर्ने ।

सीमा नाका सम्बन्धमाः-
क. सीमानाका काँकडभिट्टाबाट विदेशी नागरिकको प्रवेश स्थगन गर्ने।आपूर्ति प्रणाली सुचारु राख्न काँकडभिट्टा सीमा नाका यथावतसञ्चालन गर्ने । आपूर्ति प्रणालीसम्बद्ध ढुवानी साधनका चालक र सहचालकलाई स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गर्ने गरी आवतजावत गर्न दिइने ।
ख. काँकरभिट्टा नाकाबाहेक अन्य नाका तथा गौडाबाट नेपाल प्रवेशलाई पूर्ण रोक लगाउने ।
ग. काँकडभिट्टा नाकाबाट प्रवेश गर्ने नेपाली नागरिकहरुको अभिलेख राख्ने, एन्टिजेन परीक्षण गर्ने, परीक्षणबाट पोजिटिभ देखिएकालाई आवश्यकता अनुसार नजिकको आइसोलेसन केन्द्र वा मेची अस्पतालमा थप उपचार गराउने,नेगेटिभ देखिएकालाई आवश्यक समन्वय गरी निजको गन्तव्यमा पठाउने व्यवस्था मिलाउने । यसको जानकारी सम्बन्धित स्थानीय तहलाई गराउने।

सभा सम्मेलनको हकमाः-
क. सबै प्रकारका सभा, सम्मेलन, जुलुस, गोष्ठी, तालिम, सेमिनार लगायतका कार्यहरुको संचालनमा रोक लगाउने।

विविधः-
क. सञ्चारकर्मी/पत्रकारको हकमा सूचना संकलन तथा सम्प्रेषण गर्न सूचना बिभागले जारी गरेको परिचय पत्र वा सम्बन्धित संचार गृह वा पत्रकार महासंघको परिचयपत्रको आधारमा आवतजावत गर्न दिने ।

ख. अत्यावश्यक उपयोग्य बस्तु वा सेवाको आपूर्तिमा कृतिम अभाव सिर्जना गर्ने, मूल्य वृद्धि गर्ने, जम्माखोरी गर्ने, लुकाउने वा आपूर्तिमा अवरोध गर्नेहरु उपर कानून बमोजिम कडा कारवाही गर्ने।

ग. अन्तर्राष्ट्रिय उडानबाट विदेश जाने यात्रुहरुको हकमा हवाई टिकट, राहदानी, भिषा लगायतका कागजातका आधारमा सम्वन्धित व्यक्ति र निजले प्रयोग गर्ने सवारी साधनलाई यात्रा सहजीकरण गरिने ।

११. धानको बीउ छर्ने तथा धान रोप्ने समय नजिक आईरहेकोले मलखाद, बीउविजन खरिदविक्री तथा कृषिसम्वन्धी कार्यको लागि कृषकहरुलाई स्थानीय सुरक्षा ईकाईले आवश्यक सहजीकरण गर्ने ।

१२. यस आदेशको पालना तथा कार्यान्वयनमा यसअघि झै आवश्यक सहयोग समन्वय तथा सहजीकरण हुन सम्वद्ध सबै सरोकारवाला र आम झापावासीमा हार्दिक अनुरोध छ ।
१३. यो आदेशको अवज्ञा गर्ने वा आदेश कार्यान्वयनमा बाधा हुने गरी कुनै कार्य गरे/गराईएको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

मेचीका...

भेगका ठूलो जनसंख्याको प्रमुख स्वास्थ्य संस्थाको रुपमा रहेको मेची प्रादेशिक अस्पतालको समग्र विकासमा विगतदेखि नै हाम्रो पार्टी नेपाली कांग्रेस निरन्तर रुपमा केन्द्रित रहँदै आएको तथ्य स्मरण गराउँदै गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवा प्रवाहका लागि निम्न विषयहरुमा पार्टीको तर्फबाट गम्भीरतापूर्वक तपाईंको ध्यानाकर्षण गर्दछौं ।'

हार्दिक श्रद्धाञ्जली



जन्मः
२०२५/०४/०२

स्वर्गारोहणः
२०७८/०२/२६

स्व. दिपेन्द्र पोखरेल

यस झापा उद्योग संघका सदस्य, पूर्वाञ्चल प्लाइउड संघका संस्थापक अध्यक्ष, निर्माण व्यवसायी संघ झापाका पूर्व अध्यक्ष, नेपाली कांग्रेस पार्टिका जुझारु युवा नेता, सामाजिक अभियन्ता , युवा व्यवसायी , एक होनाहार कर्मठ, उर्जाशिल एवं कुशल व्यक्तित्व बिर्तामोड-३ निवासी दिपेन्द्र पोखरेलको ५३ वर्षको अल्पायुमा भएको असामयिक निधनको खबरले हामिहरुलाई स्तब्ध एवं मर्माहत तुल्याएको छ । दुखको यस क्षणमा दिवंगत आत्माको चिर शान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकाकुल पोखरेल परिवारमा वियोगको पिडा सहन सक्ने शक्ति इश्वरले प्रदान गरुन् भन्ने कामना सहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

यम बहादुर श्रेष्ठ
अध्यक्ष
एवम् , झापा उद्योग संघ परिवार
भद्रपुर, झापा

हार्दिक श्रद्धाञ्जली

जन्मः
१९८७/०१/११

स्वर्गारोहणः
२०७८/०२/१९

स्व. प्रेम प्रसाद ढकाल

डाँफे यातायातका संचालक झापाका पुराना व्यवसायी , २ छोरा दिपक ढकाल , दिपेस ढकाल र ४ छोरीका पिता वर्ष ९३ का प्रेम प्रसाद ढकालको असामयिक निधन भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकाकुल परिवारमा वियोगको पिडा सहन सक्ने शक्ति इश्वरले प्रदान गरुन् भन्ने कामना सहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

यम बहादुर श्रेष्ठ
अध्यक्ष
एवम् , झापा उद्योग संघ परिवार
भद्रपुर, झापा

gj ;~rf/ uk kl-ln-åf/f kl|sflzt tyf gj ;~rf/ ck ;]6df dlbl|t sfof{no ebk|/ a; :6]08 klZrd, uh'/dvl6f]h, latf{d]8 -emfkf_ kmf]g g+)@#–%$#*@) 0d]h pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। सम्पादक : राजेन्द्र गौतम

सम्पादकीय

भारी वर्षाको जोखिम

असार शुरु हुन लागिसक्यो । छिटै देशमा यस वर्षको मनसुन आरम्भ हुँदैछ । औसतमा एक सय १० दिनसम्म रहने मनसुन नेपालका लागि लाभ र विलाप दुवै हुने गरेको छ । हरेक वर्ष नेपालका विभिन्न भागमा बाढी पहिरोले व्यापक जनधनको क्षति हुने गरेको छ । गएका पाँच वर्षको मनसुनकालमा मात्रै पहिरोबाट ६ सय ४४ जनाको ज्यान गएको छ । यसरी नै बाढीबाट सोही अवधिमा चार सय ३३ जनाको ज्यान गएको छ । बस्तीका बस्ती उठिबास लाग्ने अवस्था आउनु नेपालीको एउटा नियतिजस्तै भएको छ । पहाडमा बाढी पहिरो र मधेसमा डुबान बर्खामासमा दोहोरिइरहने प्राकृतिक विपत्ति हुन् । अहिले पनि नेपालमा बस्तीहरू सुरक्षित ठाउँमा हुनुपर्छ, भौगर्भिक जोखिम अध्ययन गरेर सुरक्षित र जोखिममुक्त स्थानमा बस्ती बसाउनुपर्छ भन्ने सैद्धान्तिक मान्यता कार्यान्वयन गर्ने क्षमता आमनागरिकमा विकास भएकै छैन ।

यस वर्ष गत वर्षका तुलनामा औसतभन्दा बढी वर्षा हुने प्रक्षेपण गरिएको छ । यससँगै जोखिमयुक्त क्षेत्रहरू बाढी र पहिरो तथा डुबानका समस्यामा पर्न सक्ने चेतावनी सरोकारवाला निकायबाट जारी भइसकेको छ । यस्तो अवस्थामा उद्धार, राहत र पुनर्स्थापनाका लागि आवश्यक पर्ने नीतिगत, संस्थागत र व्यवस्थापकीय तयारी पहिले नै हुनु जरुरी हुन्छ ।

बाढीपहिरोको जोखिमबाट आफ्ना नागरिकलाई जोगाउने दायित्व राज्यको हो । यसका दुईथरी उपाय छन् । दीर्घकालीन उपायका रूपमा भौगर्भिक अध्ययन गरेर जोखिमयुक्त क्षेत्र पत्ता लगाउने, बस्ती स्थानान्तरण गर्ने, नदी तथा पहिरो नियन्त्रणका उपायहरू अपनाउनेलगायत विषय पर्छन् । अल्पकालीन रूपमा बाढीपहिरो आउने सम्भावना हेरेर अस्थायी रूपमा बस्ती हटाउने व्यवस्था गर्न सकिन्छ । पहिरो, बाढी अथवा डुबानबाट प्रभावित ठाउँमा तत्काल उद्धार र राहतको व्यवस्था गर्न सकिन्छ । त्यसका लागि आवश्यक जनशक्तिका साथमा बन्दोबस्तीका सामान तयारी अवस्थामा राखेर घटना हुनासाथ परिचालित हुने व्यवस्था मिलाउनुपर्छ ।

कोभिड महामारी र शैक्षिक क्षेत्रको दायित्व

• गोपीनाथ मैनाली

भविष्यका कर्णाधारका लागि शैक्षिक नेतृत्वले गम्भीर नबने त्यो नैतिक अपराधै हो । गत वर्ष सुरु गरिएका प्रयासलाई थप अग्रसरता दिई 'वार फुटिङ'मा लानुपर्छ ।

शताब्दीकै सबैभन्दा खराब विपद् कोरोना महामारीको ठूलो प्रभाव शिक्षा क्षेत्रमा परेको छ । जनस्वाथ्य अन्तरसम्बन्धित विषय भएकाले यसले जनजीवनका सबै क्षेत्रमा एकसाथ प्रभाव पारेको छ तर शिक्षा र शैक्षिक क्रियाकलापमाथि परेको प्रभाव अरू क्षेत्रभन्दा दूरगामी छ । किनकि सिक्ने सिकाउने कार्यले ज्ञान, सीप, रोजगारी, वृत्ति, उत्पादन, वितरण, कार्यउत्साह र मनोविज्ञानलाई एकसाथ प्रभाव पार्छ । यो मानव सभ्यतामाथि नै चुनौती हो । अरू कुराहरू बिग्रिएमा सपार्न धेरै समय लाग्दैन । शिक्षा नै अवरुद्ध भए अरू क्षेत्र स्वतः प्रभावित हुन्छन् ।

कोरोनाका कारण कतिपय मुलुकले शैक्षिक सत्र नै क्षति गरे । धेरैजसो मुलुकले पाठ्यभार घटाएर, कक्षा तालिका सच्याएर शैक्षिक सत्रलाई बल्लतल्ल धाने । वर्षमा १ सय ९० दिन सञ्चालन हुने कक्षामा ७४ दिन त्यत्तिकै हराएको युनेस्कोले जनाएको छ । ९१ प्रतिशत विद्यार्थीहरू विद्यालयबाहिर हुने स्थिति आयो । गत अप्रिलसम्म आइपुग्दा १ सय ९० मुलुक आंशिक रूपमा कक्षा सञ्चालनमा थिए । अहिले १ सय १ मुलुकमा विद्यालय खुलेको भनिए तापनि भारत, ब्राजिल, टर्कीलगायत घना जनआवादी भएका मुलुक उच्च संक्रमणमा छन् । विस्तारै सामान्यतर्फ लागेको नेपालको शैक्षिक क्षेत्र अप्रिलदेखि निकै कष्टकर अनुभूतिमा छ । करिब ९१ लाख विद्यार्थी विद्यालयबाहिर छन् ।महामारीले शैक्षिक क्षेत्रमा तत्कालीन र दूरगामी प्रभाव पार्दै छ । तत्काल देखिएको प्रभाव सिकाइ गतिविधिमा अवरुद्धता हो । गत वर्ष विशेष व्यवस्थापन गरी शैक्षिक सत्र क्षति हुनबाट बचाइयो । अहिले त्यो कसरी भन्ने चुनौती छ । माघदेखि सिकाइ गतिविधि सुचारु हुँदै थियो । चैतबाट समुदायमा फैलिएको संक्रमणले फेरि अनिश्चयतिर धेकेलिएको छ । वित्तीय स्रोत संकुचित भएकाले कोभिड रेस्पोन्सका लागि शिक्षा क्षेत्रमा चाहिने स्रोत व्यवस्थापनमा पनि समस्या पार्दै छ । लामो समय विद्यालय जान वञ्चित भाइबहिनीको विद्यालय छाड्ने दर बढ्दै छ । बालबालिकामाथि श्रम शोषण र हिंसा पनि देखिएको छ । पढ्ने बानीलाई पनि पछिल्तिरि धकेलेको छ । मेधावी प्रतिभा विकासमा पछि पर्दै छन् । शैक्षिक क्षेत्रमा धेरैले रोजगारी गुमाएका छन् जसको प्रभाव सन्ततिको शिक्षामा पर्ने नै भयो । पढाइको अवधि लम्बिँदै छ वा सामान्य औपचारिकताको मूल्यांकन विधि अपनाएर स्तरवृद्धि गर्नुपर्ने बाध्यता छ । यी दुवै अवस्था सिकाइ सक्षमताका लागि पटक्कै उचित होइनन् । वैकल्पिक विधि वा सामुदायिक प्रक्रियाबाट जसले सिके, त्यसले पनि सिकाइ सीमिततालाई प्रश्रय दिइरहेको छ । सहरबजार र उच्च कक्षामा वैकल्पिक सिकाइ केही हदमा ठीकै भए पनि ग्रामीण भेग र प्रारम्भिक बालविकासका भाइबहिनीका लागि पहुँच र सामर्थ्य दुवै कोणमा प्रभावकारी छैन । दीर्घकालीन रूपमा ठूलो शैक्षिक विभेद पनि सिर्जना गर्दै छ ।

कोभिडको प्रभावले सिक्ने, सिकाउने र परीक्षणका परम्परागत विधि र अभ्यासलाई पुनर्बोधको माग गरेको छ । किनकि सिक्नु सिकाउनु छ । अमूल्य समय खेर जान दिनु छैन । जीवन पहिलो हो र त्यसपछि मात्र अरू भन्ने पनि भुल्नुभएको छैन । यसै पनि सिक्ने-सिकाउने, बुझ्ने-बुझाउने विधि व्यावहारिक हुनुपर्छ र व्यावहारिक बनाउने क्रममा तिनले समय, चेतना स्तर र परिवेशसँग अनुकूलित हुँदै जानुपर्छ । कोभिड महामारीले यी कुरामा विशेष व्यावहारिकता मागेको छ ।

यसै पनि सूचना सञ्चार प्रविधिको निरन्तर विस्फोट र भाषिक सांस्कृतिक आबद्धीकरणका कारण शैक्षिक क्रियाकलापका पर्खाल भत्किदै थिए, कोभिड महामारीले कक्षा कोठाको पर्खाल गर्ल्यामगुर्लुम भत्काएको छ । समुदाय, घर, सुरक्षित स्थान र टच स्क्रिन कक्षा बनेका छन् । सिकाउने शिक्षक बहुरूपमा विस्तार भएका छन् । यसले एउटा उकुस मुकुसका साथ जबर्जस्त परिवर्तन र अनुकूलन क्षमताको माग गरेको छ ।

परम्परागत रूपमा सिकाइ विधि फेस टु फेस हो जहाँ शिक्षकले भाषण गर्ने, विद्यार्थीले सुन्ने, पाठ्यक्रमलाई आधार मान्ने, गृहकार्यकक्षा कार्य गर्ने र प्रत्यक्ष रूपमै परीक्षण मूल्यांकन गरिन्छ । यो विधि सजिलो छ र शिक्षक र विद्यार्थी यसमा अभ्यस्त छन् । बुझ्न र पृष्ठपोषण गर्न फेस टु फेस आफैंमा जीवन्त छ । महामारीका कारण फेस टु फेस विधि अपनाउन नसकिने भएकाले शैक्षिक नर्म्स तथा विधि परिवर्तन गर्नुपरेको छ । भाइबहिनीको पढ्न पाउने हक पनि उपयोग गर्नुपरेको छ । महामारीको संक्रमणबाट भाइबहिनीलाई सुरक्षित पनि राख्नु छ । शैक्षिक सत्र क्षति हुन दिनुहुँदैन, जीवनमा वर्षको महत्व निकै हुन्छ । तर, जीवन जोखिममा पर्नेगरी सिकाइनु पनि हुन्न । जीवन पहिलो र त्यसपछि मात्र अरू हुन् ।

'जीवन पहिलो, त्यसपछि अरू'को रणनीति कार्यान्वयन गर्न सिकाइमा डिजिटल प्लेटर्फम र फेस टु फेसको ब्लेन्डेड विधि अपनाउन थालिएको छ । अनलाइन प्लेटफर्ममा जुम, लेक्चर बुक, ई-बुक, लर्निङ् पोर्टल, भिडियो युट्युब, ड्रिल सफटवेयर, कन्स्ट्रक्सन, लेगो, रोबोट, डिजिटल अन्तर्क्रिया, गेम्स, ह्वाट्स याप, ब्लग, लगबुक र एसेसमेन्ट टुल्स आदि उपयोगमा ल्याइएका छन् । कोभिडको चेनब्रेक गर्न मुलुक बन्दाबन्दीको रणनीतिमा गएपछि विश्व स्वास्थ्य संगठनले वर्क फ्रम होमजस्तै वैकल्पिक विधि र विद्यालय पुनः सञ्चालनको ढाँचा सिफारिस गरेको थियो । 'टेक्निकल थेरापी' र जनस्वास्थ्य प्रोटोकलको ब्लेन्डेड विधिले प्रशंसा पनि पायो । आर्थिक क्षमता, प्रविधि पूर्वाधार, कनेक्टिभिटी र सिकाइ संस्कृतिका कारण हामी तिनलाई कसरी उपयोग गर्न सक्छौं ? प्रश्न गम्भीर छ । तर, उपयोगमा नल्याई पनि भएको छैन, भविष्यका कर्णधारलाई सिकाइविहीन राख्न पनि भएको छैन । किनकि भाइबहिनीको भविष्यसँग समाज, सभ्यता र राष्ट्रको भविष्य जोडिएको छ । स्वयं आइसोलेट भएर बस्दा माया, प्रेम सद्भाव, आवेग र संवेग साट्ने अवसरबाट वञ्चित हुनु आफैंमा पीडा हो । सिकाइ नभए यो पीडा भनै बढ्छ नै ।

कोभिडले कक्षाकोठा, सिकाइ विधि, परीक्षणको परिभाषा र विधिमा आमूल परिवर्तन गर्दै छ । शिक्षक, विद्यार्थी, अभिभावक र व्यवस्थापकको भूमिका पनि परिवर्तन हुँदै छ । सिकाइ स्थल कक्षाबाट विस्तारित प्लेटफर्मतिर पुगेको छ भने सिकाइ विधि सनातनी सम्भाषणबाट वैकल्पिक र ब्लेन्डेड विधि हुँदै समुदायसम्म विस्तार भएको छ । परीक्षणलाई निरन्तर स्वचालित विधि हुँदै स्वमूल्यांकनसम्म पुऱ्याउनुपर्नेछ भने यस प्रक्रियाका प्रधान पात्र विद्यार्थी, शिक्षक, अभिभावक र व्यवस्थापक नयाँ प्रक्रियासँग निरन्तर अनुकूलनमा जानुपर्ने भएको छ । भाषण गर्ने शिक्षक अब बहुसीपयुक्त र 'डिजिटल स्याभी' हुनैप-यो, अभिभावक वैकल्पिक शिक्षक हुनुप-यो । व्यवस्थापक परम्परागत प्रशासनबाट वास्तविक व्यवस्थापक हुनुप-यो । नियुक्ति हाजिरी र राजनीतिको सीमाबाट बाहिरिन प-यो । मेयर, मन्त्रीहरू विद्यार्थीको सुदूर भविष्य र वर्तमानको विपद्प्रति संवेदनशील हुनुप-यो । अमूर्त राजनीतिको कुरा गर्ने भूमिकाबाट वास्तविक नीतिबोधी बन्नुप-यो । शैक्षिक विभेदीकरण पनि आउने सम्भावना रहेकाले विपन्न परिवारलाई शैक्षिक राहत कार्यक्रम आवश्यक छ । प्रारम्भिक बालविकास, किन्टरकार्डेन, डे केएर, नर्सरी तहका भाइबहिनीलाई मनोपरामर्श सहयोग चाहिएको छ । त्योभन्दा पनि जरुरी अपांगता भएका भाइबहिनीलाई छ । सरकारका तहहरू यसमा संवेदनशील हुनुपर्छ । किनकि, भाइबहिनीको पढ्न पाउने हक कुनै हालतमा पनि सुरक्षित गरिनुपर्छ तर यो पनि भुल्नुहुन्न 'जीवन पहिलो र त्यसपछि मात्र अरू ।'कतिपय मुलुक विद्यार्थीलाई सिकाइ प्रक्रियामा क्रियाशील राख्न र घरपरिवार पनि सुरक्षित गर्न 'पेन्डामिक पड'को उपयोग गरिरहेका छन् । विशेषतः ससाना भाइबहिनीलाई कुलतमा लाग्न नदिन, एक्लोबोध हुन नदिन र आफूजस्तैलाई एकै ठाउँ/एकै सञ्जालमा जोड्न 'पेन्डामिक पड' उपयोग गर्न सकिन्छ । प्रविधि र चेतनाले पनि त्यसो गर्न सघाएको छ । नेपालमा गत असोजबाट सीमित उपयोग गरिएको 'क्लोज युजर्स ग्रुप'लाई पेन्डामिक पडका रूपमा उपयोग गर्न सकिन्छ । यसबाहेक स्थानीयता र सिकाइ समूहअनुरूप अरू विधि पनि उपयोगमा ल्याउन सकिन्छ । कतिपय शिक्षकसँग यसखाले नवप्रवर्त्तनको क्षमता पनि छ । मान्यता दिई विस्तारमा ल्याउन सकिन्छ ।

विपद्ले पाठ्यवस्तु, पाठ्यक्रम र पाठ्यभारलाई पनि आपतमैत्री बनाउन माग गरेको छ । महाविपद्मा विद्यार्थी सामान्य अवस्थामा झैं सबै विषय पढ्न सक्तैनन् । टेक्स्ट बुक एप्रोच सबै हदमा व्यावहारिक हुँदैन । समुदायका सिकाइलाई पनि आपतकालीन पाठ्य भारमा समावेश गर्न सकिन्छ । परिवारमा, समुदायमा, जहाँ जसले जे सिक्न सक्छ, त्यो नै पाठ् यक्रम मान्नुपर्ने हुन सक्छ । किनकि शिक्षाले जीवन र समयलाई बोक भनेको छ । विद्यार्थी चाहनाको कार्यलाई पनि विशेष भार दिन सकिन्छ । तर, सिकाइ उपलब्धि मूल्यांकनमा इक्जामिनेसन इन्टिग्रिटी साथ व्यावहारिक विधि चाहिन्छ त्यत्तिकै अंक दिएर स्तर वृद्धि गर्ने सोच शिक्षा प्रणालीका लागि प्रत्युत्पादक हुन सक्छ ।

तर, यी विधि तथा प्रविधि उपयोगमा ल्याउन केही सवालमा गम्भीर हुनुपर्छ । पहिलो हाम्रो शैक्षिक नेतृत्व सुझबुझ, समझदार, संवदेनशील र दृष्टिबोधी हुनुपर्छ, जुन देखिएको छैन । प्राज्ञिक व्यवस्थापनको कुरा त परको हो, शैक्षिक प्रशासन पनि छैन । भविष्यका कर्णाधारका लागि शैक्षिक नेतृत्वले गम्भीर नबने त्यो नैतिक अपराधै हो । गत वर्ष सुरु गरिएका प्रयासलाई थप अग्रसरता दिई 'वार फुटिङ'मा लानुपर्छ । त्यसपछिका सवालमा दूरशिक्षा र वैकल्पिक विधिको अवलम्बनका लागि प्रविधिक सुविधा, डिजिटल पूर्वाधार, शिक्षक तयारी र क्षमता विकाससहितको अभिमुखीकरण, अनुकूलन विकास, कार्यशाला अभ्यास र परीक्षण सदाचारिताजस्ता कार्य आक्रामक रूपमा गरिनुको विकल्प छैन । स्वघोषित शिक्षाविद्हरूको बुझाइ र विज्ञताले आपदमा काम गर्दैन । सुझावको औपचारिकतामा समय बर्बाद गर्नु हुन्न । र, के भुल्नु हुन्न भने विपद्ले दिएको शिक्षा पछि पनि काम लाग्छ । अब सिकाइ विधि हाइब्रिडतर्फ निरन्तर अघि बढ्नेछ ।

कोरोना : विश्वव्यापी गुरु

• डा. चन्द्र भण्डारी

विकासका क्रममा मानिसबाट समुदाय, समाज, संस्कृति र राष्ट्रको विकास निर्माणमा कमी-कमजोरी हुन्छन् नै । तर, मानिसले त्यसका कमी-कमजोरी हटाउँदै राम्रा र सबल पक्षबाट समयअनुकूल फाइदा लिँदै र उपयोग गर्दै अघि बढ्न सक्नुपर्छ । यसरी नै विश्व ब्रह्माण्ड चलिरहेको हुन्छ । रोग जन्मेपछि एन्टिबायोटिक पनि बनिरहेको हुन्छ अनि साइडइफेक्ट पनि । प्रविधिको विकासका क्रममा भाइरस र एन्टिभाइरस दुवैको साथसाथै विकास भइरहेको हुन्छ । यसरी नै ब्रह्माण्डको गति चलिरहेको छ । मानवीय जीवनपद्धति पनि यसरी नै अघि बढिरहेको छ । हामीले समयको पदचापलाई बुझेर पछ्याउन सकेनौं भने दुई घनिष्ट मित्रबीच पनि दुर्घटना हुन सक्छ । अत्यन्त ठूलो विश्वास गरेको मान्छेबाट पनि घात हुन सक्छ । र, कहिल्यै विश्वासै नगरेको मान्छेबाट पनि अमूल्य सहयोग प्राप्त भइरहेको हुन्छ । यही नियम सबैमा लागू हुन्छ । जटिल, कठिन र अनुमानभन्दा बाहिर निस्किँदै गरेको प्राकृतिक संकटले मानवजीवनलाई ठुलो संकटमा पार्न पनि सक्छ । त्यसैलाई पूर्वीय दर्शनमा प्रलय भनिन्छ ।

अहिलेको पेन्डामिकभन्दा अगाडि पनि विश्व बौद्धिक आतंक र गलत सूचना तथा सञ्चारको आतंक (इन्फोडेमिक) को चपेटामा फसेकै थियो । विभिन्न सम्प्रदायले सिर्जना गरेको आतंक र त्यसलाई नियन्त्रण गर्ने नाममा निर्मित आणविक हतियार सबै मानव विनाशमा प्रयोग भए । त्यसरी नै पर्यावरणीय आतंकदेखि प्रकृति विनाशको आतंकसम्म पनि मानव समुदायले झेल्दै आएको छ ।

आज विश्वभर कोभिड-१९ नाममा नयाँ पेन्डामिक फैलिएको छ, जसका कारण विश्व तहसनहस भइरहेको छ । यसले एकातिर मानिसलाई आलसतालस पारिरहेको छ भने अर्कातिर यसले मानिसका चौतर्फी चेतनाको द्वार पनि खोलिरहेको छ । वैज्ञानिकहरूले विगतका आविष्कारमा भएका कमी-कमजोरीलाई पूर्णता दिने अवसर पाएका छन् भने नयाँ-नयाँ प्रविधिको विकास तथा सोचहरू लिएर अघि बढ्नुपर्ने अवस्थासमेत सिर्जिएको छ । आज विश्वमा प्रविधिको चरम विकासले विश्वलाई एउटा ग्लोबल भिलेजमा रूपान्तरित गरिदिएको छ । पासपोर्ट साथमा लिएर र यातायातका साधनमार्फत गरिने विश्व भ्रमण गर्न मात्र होइन, घरमै बसेर हातको एउटा सानो स्मार्ट फोनमार्फत विश्व हेर्न, बुझ्न र अनुभूत गर्न सकिने भएको छ । अर्कातिर विश्व मानव समुदाय नै हामीबाट ठुल्ठूला संयुक्त परिवार हुँदै साना-साना एकल परिवारमा रूपान्तरित हुँदै 'म'मा सीमित हुँदै गइरहेको छ । यसरी नै सत्ता पनि हामी पार्टी हुँदै 'म'मा पुगेको छ । यसरी मानिसले जुनसुकै क्षेत्र वा पक्षमा विकास, सत्तादेखि परिवारसम्म एक्लो रूपमा अगाडि बढिरहेको छ ।विकासको यही चरणमा धार्मिक, वैचारिक, आर्थिक तथा सामाजिक अतिवादको पनि विकास भयो । त्यसरी नै राजनीति पनि प्रजातान्त्रिक प्रणाली होस् वा एकदलीय प्रणाली, सबैको सोच अन्ततः जनताको नाम लिँदै सानो गुट हुँदै व्यक्तिमा केन्द्रित हुँदै गएको छ । यही अतिवादकै विकासको चरणमा मानिस एक्लै बस्ने, एक्लै खाने, एक्लै अघि बढ्ने, म र मेरो परिवार भन्दै त्यसैमा रमाउने र त्यसबाट बाहिर जान नसक्ने अवस्था सिर्जना भएको छ । मानिस एक्लो सोच, एक्लो विकास, एक्लो राष्ट्र भन्दै आफू सम्पन्न हुने, आफ्नो सम्पन्नताको त्रास फैलाउने, शक्ति प्रदर्शन गर्ने एउटा विकृत अतिवादको होडबाजी विश्वमा चलिरहेको छ । यही अतिवादका क्रममा कोरोना भाइरसको महामारी हामीमाझ आएको छ । यसले अथाह मानवको ज्यान लिएको छ । मानवलाई आर्थिक रूपमा कमजोर बनाएको छ । सिंगो विश्व मानव समुदायलाई नै सन्त्रस्त बनाएको छ । यसले आर्थिक, सामाजिक तथा मानवीय विनाशसँगसँगै विश्वलाई केही गतिला पाठ पनि सिकाएको छ ।

कोरोनाले सिकाएको पहिलो पाठ हो- तिमी आफू बाँच्न चाहन्छौ भने अरूलाई पनि बचाऊ । चाल्स डार्बिनको विकासवादले पनि प्राणी बाँच्नका लागि अधिकतम संघर्ष गर्छ र संघर्षबाट पराजित जीव लोप हुँदै जान्छ भन्ने तथ्य अघि सारेको छ । कोरोनाविरुद्धको हाम्रो लडाइँ पनि यस्तै हो । भौतिकवादले जसरी पनि आफू बाँच भन्छ, अध्यात्मवादले विश्वका सबै प्राणी जगत्को सहअस्तित्व स्विकार्छ । चीन, भारत, अमेरिका, रसियाजस्ता ठूला र शक्तिशाली देशसित साधन, स्रोत र शक्तिको कुनै कमी छैन । उनीहरू भौतिक विकासमा पनि धेरै अघि बढिसकेका छन् । तर, आजको भौतिक विकासमा उनीहरू आफू मात्र अघि बढेर केही हुने रहेनछ । किनकि, नेपाल, भुटान या अफ्रिकनलगायत अन्य ससाना देशमा कोरोना नियन्त्रणमा नआउन्जेल त उनीहरू पनि सुरक्षित नहुने रहेछन् । आखिर अफ्रिकादेखि युरोप या एसियाका कुनै पनि कमजोर, गरिब र अविकसित मुलुकमा मात्र कोरोना फैलियो भने पनि त्यो आजको विश्वमा कुनै पनि विकसित र शक्तिशाली राष्ट्रसम्म पुग्न सक्दो रहेछ । ठूला राष्ट्रका लागि यो चुनौती हो, त्यसैले, कोरोनाले विश्वसामु चिच्याई-चिच्याई भनिरहेको छ- यदि तिमी आफू बाँच्न चाहन्छौ भने अरूलाई पनि बचाऊ । यदि तिमी आफू सुरक्षित हुन चाहन्छौ भने अरूलाई पनि सुरक्षित बनाऊ । तिमी आफू मात्र अघि बढेर, विकसित भएर, शक्ति आर्जन गरेर मात्र केही हुँदैन । त्यति मात्र होइन, वरिपरि गरिबका झुपडीबीच बनेका गगनचुम्बी भवनका मालिक पनि झुपडीमा बस्ने नागरिकलाई सुरक्षित नगरी आफू सुरक्षित हुन नसक्ने शिक्षा पनि अहिलेको महामारीले दिएको छ ।

हुन त यो समयमा नेपालजस्ता भौतिक विकास र आर्थिक समृद्धिमा पछि परेका मुलुक आजको महामारीका कारण निकै अप्ठ्यारो अवस्थामा पुगेका छन् । सबैले सरसहयोगका लागि हारगुहार गर्नुपर्ने अवस्था छ । संसारले उत्पादन गरेका औषधि तथा खोप आवश्यकताका आधारमा वितरण हुनुपर्छ । तर, यहाँ त आवश्यकताका आधारमा भन्दा पनि राष्ट्रको शक्ति र आर्थिक सामर्थ्यका आधारमा सञ्चित गर्ने गलत प्रतिस्पर्धा अहिले पनि विश्वभर चलिरहेको छ । कोभिड-१९ ले यति ठूलो पाठ सिकाइरहँदा पनि मानिस अझै सचेत हुन सकेको छैन । मान्छे अझै पनि कविशिरोमणि लेखनाथ पौड्यालले लेखेझैं 'म खाऊँ, मै लाऊँ, सुख, सयल वा मोज म गरूँ । म बाँचूँ, मै नाचूँ, अरू सब मरून् दुर्बलहरू !' भन्ने सोचबाट अभिप्रेरित देखिँदै छ । आजको विकसित र शक्तिशाली मुलुकका मानिसमा आफू, आफ्नो परिवार, आफ्नो समाज र आफ्नो राष्ट्र बाँचे त पुगिहाल्यो नि भन्ने गलत सोच हाबी भइरहेको छ । यसैले गर्दा हाम्रो जस्तो देश जोसँग सबै कुरा छ, प्राचीन आयुर्वेद शास्त्रले होस् या आधुनिक औषधि विज्ञानले होस्, यस क्षेत्रमा धेरै ठूलो योगदान दिन सक्छ । उसले समेत आफ्नो क्षमता र कर्ममा विश्वास नगरेर अरूसामु हात फैलाएर आफूलाई मगन्तेको भूमिकामा प्रस्तुत गराइरहेको छ । आफ्नो क्षमता, आफ्ना पुर्खाले सिकाएर या छाडेर गएका ज्ञान, सीप र प्रविधिमा विश्वास गर्न नसक्दा हामीले विश्वसामु हामीलाई खोप देऊ भनेर हारगुहार गरिरहनुपरेको छ । आज हामीले प्राणवायु अक्सिजनदेखि भेन्टिलेटर, औषधि, अस्पतालका शय्यासम्म सबैका लागि अरूसामु हात पसार्नुपरिरहेको छ । हामीले नियालेर हेर्ने हो भने ठूला शक्तिशाली राष्ट्रहरू र व्यक्ति मानवीय समस्यामा को कति सहयोगी बने भनी हेर्ने हो भने पोलियो उन्मूलनमा बिल गेट्सले गरेजति सहयोग कुनै पनि राष्ट्रले गरेका छैनन् । अहिलेको पेन्डामिकमा पनि व्यक्तिहरू नै सहयोगका लागि अगाडि छन् । नेपालजस्ता देशले आफूले पैसा तिरिसकेको खोप ल्याउनसमेत सकेका छैनन् । संकटको समयमा सबै आफ्ना लागि केन्द्रित हुन्छन् । तसर्थ यी सबै कुरा मनन गरी नेपालजस्ता देशमा वातावरणीय रूपमा आयुर्वेद र प्राकृतिक चिकित्सालाई अगाडि बढाउँदै योगशिक्षा अभ्यासका रूपमा लैजाँदा धेरै रोग नियन्त्रण गर्न सकिन्छ । यसका साथै खानपिनलाई आफ्नै शैलीमा विकसित गर्न सकिन्छ । अब हामीले जसरी भए पनि यस्तो अवस्थाको अन्त्य गर्नैपर्छ । यसका लागि साना देश, साना देशका विश्वविद्यालय, यहाँका अनुसन्धान केन्द्रमा पनि ठुल्ठूला वैज्ञानिक हुन सक्छन्, उनीहरूले पनि विश्वस्तरीय आविष्कार गर्न सक्छन् भन्ने विश्वलाई देखाउन सक्नुपर्छ । अब हामीले जहिल्यै अरूको भर पर्ने होइन, अरूलाई पनि केही दिन सक्ने अवस्था निर्माण गर्न सक्नुपर्छ । शिक्षा र अनुन्धानका लागि सम्पन्न परिवारको सदस्य र शक्तिराष्ट्र हुनुपर्छ भने हुँदैन । आधुनिक चिकित्साशास्त्र माइक्रो तहमा पुगिसकेको छ, जसलाई प्राकृतिक शिक्षासँगै आयुर्वेद शिक्षासँग जोड्न सक्नुपर्छ । जसको सुरुवात पहिल्यै नेपालले गरिसकेको थियो, अहिले रोकिएको छ । आजको यो वैश्विक महामारीले सम्पन्न र शक्तिशाली विश्वलाई आफू बाँच्नका लागि अरूलाई बचाउनुपर्छ भन्ने पाठ सिकाएको छ भने नेपाल जस्ता भौतिक विकासमा पछि परेका देशलाई तिमीसित सर्वस्व छ, त्यसको सदुपयोग गर, कर्म गर, हात थापेर होइन, अरूलाई समेत केही दिएर आफू बाँची अरूलाई पनि बचाउन सक्छौ भन्ने गतिलो पाठ पढाएको छ । तिमी सदासर्वदाका मगन्ते होइनौ, तिमी कमजोर छैनौ, तिमी आफ्नै कमजोर सोचका कारण मात्र कमजोर भएका हौ भनेर कोरोनालाई हामीलाई बारम्बार घचघचाइरहेको छ । कोरोनाले हामीलाई पहिलेका दर्शन अध्ययनका लागि हिंम्रक बनेर आग्रह गरेको छ । संसारमा दुईवटा दर्शन छन्, आस्तिक र नास्तिक । सामान्य दृष्टिमा आस्तिक दर्शनले हामी र हाम्रो भन्ने बोध गराउँछ । आस्तिक दर्शनको एक मात्र आदर्श परोपकार नै हो । अठार पुराण लेख्दा पनि सामान्य जनतालाई बुझाउन सक्ने कुरा लेख्न नसकेको भनेर ग्लानिबोध भएका व्यासले अठार पुराणको सार भनेर 'अष्टादश पुराणेषु व्यासस्य वचनद्वयम् । परोपकार पुण्याय पापाय परपीडनम्' लेखे । यसको आशय हो, परपीडा पाप र परोपकार पुण्य हो । फेरि नास्तिक दर्शनका प्रणेता बृहस्पतिले 'यावज्जीवेत् सुखं जीवेत् ऋणं कृत्वा घृतं पिवेत् । भस्मीभूतस्य देहस्य पुनरागमनं कुतः' भनेका छन् । यसको अर्थ : जतिन्जेल बाँच्न सक्छौ सुखी भएर बाँच । ऋण काढेर भए पनि घिउ नै खाऊ । बाँचुन्जेल मोजमस्ती गर । खरानी भएर जाने यो शरीर फेरि फर्केर आउँदैन । यो भौतिकवादी सोच चरम रूपले बढ्दै गएर मानिस छाडा बन्दै गयो, जसले गर्दा विनाशको बिउ र बाटो फैलिए । हरेक क्षेत्रमा 'म', 'म'ले बढाएको अहंकार, अहंकारले निम्त्याएको विनाश र विनाशले निम्त्याएको कोरोना । कोरोनाको सन्देश- परोपकार पुण्याय पापाय परपीडनम् । तिमी आफू बाँच्न अरूलाई बचाऊ । 'म' अब एक्लै बाँच्न सक्दैन । कोरोनाले मानव समाजलाई सिकाएको महत्वपूर्ण पाठ यही हो ।

अग्रजको सम्झनामा मुसहरहरुलाई राहत

बिर्तामोड , जेठ ३० । लामो लकडाउनका कारण समस्यामा परेका विपन्न मुसहरहरुलाई बिर्तामोड-३ युवाहरुले राहत वितरण गरेका छन् । बिर्तामोड ३ स्थित अधुवा खोलाको किनारमा बसोबासित मुसहरहरुलाई उनीहरुले खाद्यान्न राहत वितरण गरेका हुन् ।

बिर्तामोड उद्योग बाणिज्य संघका कोषाध्यक्ष दिपेन्द्र राउतको हातबाट वडा नं ३ का ९ घर मुसहरहरुलाई चामल , दाल,खानेतेल , नून , लुगाधुने साबुनलगायतका राहत वितरण गरिएको थियो । राहत वितरण कार्यक्रममा मदन बुढाथोकी , शैलेन्द्र सिटौला , कैलाश प्रसाई ,पत्रकार इन्द्रसिंह राजवंशीलगायतको उपस्थिति रहेको थियो । बिर्तामोड-३ युवाहरुले अग्रजको सम्झनामा सामाजिक तथा परोपकारी कार्यक्रम जारी राखेका हुन् । अग्रज समाजसेवी स्वर्गीय पर्शुराम सिटौलाको सम्झनामा युवाहरुले राहत बाँडेको जनाएका छन् ।

यसअघि उनीहरुले बिर्तामोड-४ स्थित परोपकार अनुसन्धान तथा वृद्धाश्रममा शनिबार खाद्यान्न वितरण गरेका थिए । दाल, चिनी, सरफ,बिस्कुट, न्युटेला, मसलालगायतका सामग्री प्रदान गरिएको युवा परिषद् झापाका अध्यक्षसमेत रहेका मदन बुढाथोकीले जानकारी दिए । वृद्धाश्रममा समाजसेवी जानुका थापा मगरको हातबाट सहयोग सामग्री हस्तान्तरण गरिएको थियो ।

त्यस्तै हाल बिर्तामोड-३ को कोभिड संक्रमण भएका विपन्न, दिर्घ रोगी, एकल महिला र मृत्यु भएका ३० विपन्न परिवारलाई प्रतिक परिवार १० केजी चामल, एक पोका नुन, तेल, दाल, नुहाउने र लुगाधुने साबुन वितरण गरिएको बताइएको छ । सहयोगका लागि स्वत स्फूर्तरुपमा बिर्ताबजारका युवाहरुबाट सहयोग संकलन भएको थियो । समाजसेवामा युवाहरु कोशिस घिमिरे, कैलाश प्रसाई, मदन बुढाथोकी, शैलेन्द्र सिटौला, सजेश शिवाकोटी, पंङ्कज शिवाकोटी, विकाश पाठक, पदम प्रसाई,जानुका थापमगर, भोजराज सिटौला, कुमार बुढाथोकी, गणेश ओली, गुञ्जन प्रसाई, आकाश उप्रेती, सन्जिव घिमिरे, दिपेन्द्र राउत, प्रेम उप्रेती, राजिव उप्रेती,रोहित प्रसाई भुपाल बुढाथोकीलगायतले सहयोग गरेका छन् ।बिर्तामोड खानेपानीका उपाध्यक्ष समेत रहेका सिटौलाको गत वर्ष निधन भएको थियो ।

मेचीनगरमा टहरा निर्माणको विरोध

मेचीनगर (प्रस) । झापाको मेचीनगर–६ काँकरभिट्टामा अव्यवस्थित र फुटपाथरुपमा व्यवसाय गर्दै आएका व्यवसायीहरुको समस्या अब समाधान हुने भएको छ । यो समस्या काँकरभिट्टाको धेरै पुरानो समस्या हो । अब भने समस्याको दिर्घकालीनरुपमा समाधान हुने भएको हो । तर, यस कार्यको कतै विरोध त कतै समर्थन भइरहेको छ ।

राजमार्गको दायाँ वायाँ पेटी र अन्य भागमा फुटपाथरुपमा साना व्यवसाय सञ्चालन गर्दै आएका व्यवसायीलाई व्यवस्थित गर्ने उद्धेश्यले काँकरभिट्टामा टहरा निर्माण सुरु गरिएको छ । नेकपा एमाले झापा जिल्ला कमिटी सदस्य एवम् पूर्व काँकरभिट्टा गाविस अध्यक्ष डिल्लीराम घिमिरेले २०६८ सालमा मेचीनगर – काँकरभिट्टा बस टर्मिनल तथा मेचीनगर –७ को प्यारीभिट्टा बसपार्क निर्माणका क्रममा काँकरभिट्टा बस टर्मिनल क्षेत्रभित्र सानो व्यवसाय गरेर जीवन गुजारा गरिरहेका व्यवसायीहरुलाई काँकरभिट्टा बस टर्मिनल आसपासमै नगरपालिकाले भविष्यमा स्थान उपलब्ध गराउने लिखित सम्झौता गरी व्यवसायी बसेको ठाउँ खाली गराए पनि केहीबाहेक अन्यलाई स्थान उपलब्ध गराउन नसकेको सामाजिक सञ्जालमा पोस्ट गरेका छन् ।

बाँकी व्यवसायीहरुलाई व्यवस्थित गर्नका लागि नगरपालिकाले काँकरभिट्टा बस टर्मिनलको पूर्वदक्षिण नेपाल बैंक उत्तरपट्टि संरचना निर्माण शुरु गरेको हो । यसका लागि नगरपालिकाले १८ लाख रुपैयाँ विनियोजन गरेपनि १७ लाख ९७ हजार ८ सय ५७ रुपैयाँमा उपभोक्ता समितिमार्फत निर्माण कार्य शुरु गरिएको बताइएको छ । २०७८ बैशाख २७ गते सम्झौता गरी चालु आर्थिक वर्ष २०७७/२०७८ भित्रै २८ कोठे संरचना निर्माण सम्पन्न गर्नुपर्ने नेपाल बैंक पछाडी पसल टहरा निर्माण उपभोक्ता समितिले जनाएको छ ।

यता बसपार्कसँग प्रत्यक्ष सरोकार रहेका पक्षले बसपार्कमा भइरहेको संरचना निर्माण तत्काल रोक्न आग्रह गरेका छन् । बसपार्कको पूर्वी मोहडाबाट प्रवेशद्वार दक्षिणपट्टिको खुल्ला क्षेत्रमा टहरा निर्माण सुरु गरेको भन्दै यातायात व्यवसायी, होटल व्यवसायी, ट्राभल्स व्यवसायीलगायतका १३ वटा संस्थाले एक विज्ञप्ति प्रकाशित गरी विरोध र असहमति जनाएका हुन् । तर, नेपाल बैंक पछाडी पसल टहरा निर्माण उपभोक्ता समितिका अध्यक्ष कुलदिप राईले भने नगरपालिकाले निर्माण कार्य रोक्न नभनेसम्म निर्माण कार्य धमाधम हुने बताएका छन् । 'क-कसले विरोध गर्छ हामीलाई थाहा छैन'अध्यक्ष राईले भने,' हामीलाई त नगरपालिकाले काम रोक्नु पर्‍यो भनेर पत्र दिनु पर्‍यो अनि मात्र हामीले रोक्ने हो ।'

नगरपालिकाले बसपार्क साँघुरो

❖ बाँकी अन्तिम पृष्ठमा

बिर्तामोड नगरपालिका र इलाका प्रहरी कार्यालय अनारमनीको विशेष अनुरोध

हाल आएर छिमेकी देश लगायत नेपालमा समेत कोरोना संक्रमणको प्रकोप दिनानुदिन समुदाय स्तरमा फैलन थालेकाले सोलाई मध्यनजर राख्दै सोको रोकथाम र नियन्त्रणका लागि निम्नानुसार गर्न/गराउनु हुन सम्पूर्ण नगरबासीहरुमा हर्दिक अनुरोध गरिन्छ ।

निम्नः-

(१) भौतिक रुपमा उपस्थित भै सञ्चालन गर्ने सबै प्रकारका सभा सम्मेलन, खेलकुद, विवाह, ब्रतबन्ध, पास्नी, मेला, महोत्सब, जात्रा, पर्व, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक कृयाकलापहरु सञ्चालन गर्दा/गराउँदा नेपाल सरकारले तोकेकोजनस्वास्थ्य सम्बन्धि मापदण्डको पूर्णरुपले पालना हुने गरि बढीमा २५ जनासम्म सहभागि हुने गरि मात्र गर्ने र त्यस्ता कार्यक्रमहरु पार्टी प्यालेसमा गर्ने भए अनिवार्यरुपमा स्थानीय प्रशासनको पूर्वस्विकृति लिएर मात्र गर्ने/गराउने ।

(२) सार्बजनिक यातायातका साधन सञ्चालन गर्दा जनस्वास्थ्यको मापदण्डको पूर्ण पालना गरि सिट क्षमता भन्दा बढी यात्रु नराख्ने ,सवारी साधनमा सेनिटाईजरको व्यवस्था अनिवार्य गर्ने, यात्रुलाई मास्क लगाउन अनिवार्य गर्ने/गराउने ।

(३) कार्यालय, पसल तथा सार्बजनिक स्थलहरुमा सेनिटाईजर र मास्कको प्रयोग अनिवार्य गर्ने ।

(४) होटल तथा रेष्टुराहरु स्वास्थ्य सम्बन्धि मापदण्डको पालना गरी सेवाग्राहीहरुलाई मास्क, भाइजर र पञ्जा अनिवार्य गर्ने र बिहान ८:०० बजे देखि बेलुका ८:०० बजे सम्ममात्र सञ्चालन गर्ने/गराउने ।

(५) सिनेमा हल, पार्टी प्यालेस, डान्सबार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, जिम खाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रङ्गशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम संवत् २०७८ साल वैशाख मसान्त सम्म बन्द गर्ने/गराउने ।

(६) मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी संवत् २०७८ साल बैशाख मसान्त सम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने/गराउने ।

(७) सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समीक्षा, बैठक, तालिम, प्रशिक्षण जस्ता क्रियाकलापहरु संचालन गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिक रुपमा उपस्थित भइ गर्नै पर्ने भएमा बढीमा पच्चीस जना मात्र सहभागी रहने गरी जनस्वास्थ्य मापदण्ड पालना गरी संचालन गर्ने तर सुरक्षा निकायले आन्तरिक तालिमको हकमा जनस्वास्थ्यका मापदण्ड पालना हुने व्यवस्था मिलाई संचालन गर्न सकिने ।

(८) कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि टोल सुधार समिति वा उपभोक्ता समितिले दुई मिटरको भौतिक दुरी, मास्कको अनिवार्य प्रयोग, सार्वजनिक स्थानमा साबुन पानीले हात धुने लगायत जनस्वास्थ्यका मापदण्डहरु पालना भए नभएको सूचना वडा कार्यालय तथा नगरपालिकालाई दिने ।

(९) आमनागरिकले घर बाहिर निस्कँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने,

१०) कोरोना रोगको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाउँ ।

बिर्तामोड नगरपालिका
इलाका प्रहरी कार्यालय, अनारमनी
बिर्तामोड, झापा

सूचना

सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले नभेट्ने ठाउँमा राखौं ।

नेपाल सरकार
सञ्चार सूचना तथा प्रविधि मन्त्रालय
सूचना विभाग

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY

वर्गीकृत विज्ञापन

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा

PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस् ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर (शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रूफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधै सम्झनुहोस् ।

बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९२६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६००१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७००४९००१

राशिफल

मेष: आलस्य र थकानको अनुभूति हुनेछ । झुटा आरोप लाग्न पनि सक्छ ।
वृष: सहयोगीहरूले काममा साथ दिनेछन् । खेतिपातीबाट बढी लाभ लिन सकिनेछ ।
मिथुन : वैदेशिक क्षेत्रको काम भने विस्तारै अघि बढ्नेछ ।
कर्कट : चिताएको कामले तीव्रता लिनेछ । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ ।
सिंह : मनमा देखिने अस्थिरता अधैर्यताका कारण निर्णायक क्षमतामा कमी आउनेछ ।
कन्या : शुभ समाचार सुन्न पाइएला । नसोचेको ठाउँबाट धनागम हुनसक्छ ।
तुला : मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ ।
वृश्चिक : व्यवसाय बढाउने वा नवीन रोजगारीको अवसर आउनेछ ।
धनु : आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।
मकर : पठनपाठनका क्षेत्रबाट लाभ लिन सकिनेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।
कुम्भ : पठनपाठनमा मन जानेछ । टाढाको मित्रजन सँग भेट हुने योग छ ।
मीन : परिवारजनसँग मनमुटाव हुन सक्छ , स्वास्थ्यमा समस्या आउनेछ ।